हेटौंडा उपमहानगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

हेटौंडा, मकवानपुर

बागमतीप्रदेश, नेपाल

**मिति २०८१।०२।०४ गते बसेको ४४ औं कार्यपालिका बैठकका निर्णयहरुः**

१) अघिल्लो कार्यपालिका वैठकबाट भएका निर्णयहरुको कार्यान्वयनका सम्बन्धमा समिक्षा गरी प्रगतिको बारेमा जानकारी भयो ।

२) हेटौंडा उपमहानगरपालिकाको आगामी आर्थिक वर्षको आय व्यय विवरण सहितको प्रस्ताव पेश गर्न नगरसभाको १५ औं अधिवेशन मिति २०८१।०३।०२ गते आह्वान गर्ने ।

३) हेटौंडा उपमहानगरपालिकाको स्वीकृत संगठन संरचना तथा दरवन्दी तेरिज भन्दा वढि तथा कार्यालयलाई आवश्यक नरहेका पदका स्थायी कर्मचारीहरुलाई सम्वन्धित निकायहरुमा फिर्ता पठाउन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, बागमती प्रदेशलाई पत्राचार गर्ने ।

४) हेटौंडा उपमहानगरपालिका आर्थिक वर्ष २०७५/०७६ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार ठेक्का नं. HMUN/CC/14/2075/76 को वडा नं. १० मा निर्माण भएको Footpath and Drain Construction and Maintenance Work Hetauda-10 को लागि रोजन निर्माण सेवा प्रा.लि. किर्तिपुर, काठमाडौंसँग मिति २०७६।०२।१६ गते सम्झौता भई कार्य अगाडि वढाइएकोमा कार्य सम्पन्न भई अन्तिम विल भूक्तानी हुने क्रममा ३६.८७% कम काम भई भेरिएसन भएको हुँदा उक्त भेरिएसनको लगायत अन्य भेरिएसनको अध्ययन गरी प्रतिवेदन पेश गर्न नगर कार्यपालिकाको २०८०।११।१६ को निर्णयानुसार गठित समितिले मिति २०८१।०१।३१ गते प्रतिवेदन समेत दिएको हुँदा उक्त भेरिएसन आदेश स्वीकृत गर्ने।

५) हेटौंडा उपमहानगरपालिकाको मिति २०८०।०३।१६ गतेको नगरसभाले स्वीकृत गरेको संगठन संरचना र दरबन्दी तेरिजलाई पुनः पुनरावलोकन गरी आगामी नगरसभामा स्वीकृतीको लागि पेश गर्ने।

६) जनस्वस्थ्य सेवा ऐन, २०७५ को परिच्छेद-३ को दफा २१ को उपदफा (७), (८), जनस्वस्थ्य नियमावली, २०७७ को परिच्छेद-४ को नियम १२ को उपनियम (२), (३), (४) र (५) तथा हेटौंडा उपमहानगरपालिकाको स्वास्थ्य संस्था दर्ता, अनुमति तथा नवीकरण सम्बन्धी कार्यविधि, २०७६ को परिच्छेद-२ को दफा ३ को उपदफा (१), दफा ५ को उपदफा (१), (२), (३), (४) र हेटौंडा उपमहानगरपालिकाको जनस्वास्थ्य ऐन, २०७९ बमोजिम गठित प्राविधिक समितिको निर्णय बमोजिम जनस्वास्थ्य शाखाबाट पेश भएका स्वास्थ्य संस्थाहरुलाई उल्लेखित कानून बमोजिम सञ्चालन अनुमति प्रदान गर्ने ।

७) हेटौंडा उपमहानगरपालिका विपद् व्यवस्थापन कोष (सञ्चालन) कार्यविधि, २०७९ को पहिलो संशोधन प्रस्ताव स्वीकृत गर्ने ।

८१।२।६

रजिव न्यौपाने
(प्रवक्ता)

८) बागमती प्रदेश सरकारबाट जारी भएको वातावरण संरक्षण ऐन, २०७७ को दफा ४ को उपदफा (२) (घ), हेटौंडा उपमहानगरपालिका वातावरण संरक्षण ऐन, २०७७ तथा हेटौंडा उपमहानगरपालिका संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७८ बमोजिम गठित प्राविधिक समितिको मिति २०८१।०१।३० गतेको निर्णयानुसार हेटौंडा उपमहानगरपालिका वडा नं. १६ आकासधारा सडक खण्ड स्तरोन्नती कार्यको प्राम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन स्वीकृत गर्ने ।

९) बागमती प्रदेश सरकारबाट जारी भएको वातावरण संरक्षण ऐन, २०७७ को दफा ४ को उपदफा (२) (घ), हेटौंडा उपमहानगरपालिका वातावरण संरक्षण ऐन, २०७७ तथा हेटौंडा उपमहानगरपालिका संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७८ बमोजिम गठित प्राविधिक समितिको मिति २०८१।०१।३० गतेको निर्णयानुसार हेटौंडा उपमहानगरपालिका वडा नं. ३ बसामाडीमा प्रस्तावित नेपाल आई प्रोग्राम द फ्रेड होलोज इन्ट्रा-अकुलर लेन्स ल्याबोरोटरी स्थापना कार्यको प्राम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन स्वीकृत गर्ने ।

२०८१/२/६

सविन न्यौपाने
प्रवक्ता
हेटौंडा उपमहानगरपालिका
नगर कार्यपालिका

मिति २०८१/०२/०६